## प्रजिअ सहितको टोलीद्वारा जनगणनाको स्थलगत अनुगमन

**सिम्रिक सम्वददाता**

**उदयपुर, ४ मंसिर**

उदयपुरको चौदण्डीगढी नगरपालिकामा शुक्रबार जनगणनाको स्थलगत अनुगमन भएको छ। प्रमुख जिल्ला अधिकारी बीरेन्द्रकुमार यादबसहितको टोलीद्वारा चौदण्डीगढीको दुई वटा वडाहरु ६ र ७ नं. वडाको गणना स्थललाई स्थलगत अनुगमन गरिएको हो ।



गत २५ देखि जारी १२ औं राष्ट्रिय जनगणनाको अनुगमन टोलीमा जिल्ला जनजगणना कार्यालय उदयपुरका प्रमुख शिवनारायण महतो, जिल्ला प्रहरी कार्यालय उदयपुरका एसपी सुवासचन्द्र वोहरा, सशस्त्र प्रहरी वल उदयपुरका एसपी शुधीर सुवेदी लगायतको संयुक्त टोलीले जनगणना भइरहेको स्थलमा पुगेर अनुगमन गरेका छन्। ६ नं. वडा लाफा चोक स्थित स्थानीय समाजसेवी जयमानशेर राईको विवरण गणक सुस्मिताकुमारी कटवालले लिइरहेको अवस्थामा उक्त टोलीहरु पुगेका थिए । समाजसेवी राईको विवरण संकलनपश्चात ७ नं.वडा स्थित स्थानीय नारायण श्रेष्ठ घरमा गणक सोनी राईले विवरण लिइरहेको थियो ।कतिपय भौगोलिक अपठ्यारो टोलहरुमा महिला गणकहरु जान नसक्दा सुपरिवेक्षक आफै जानु पर्ने अवस्था आएको ६ र ७ नं. वडाका सुपरिवेक्षक मिलन रिजालले जानकारी दिए ।जनगणनाको शुरुवाती दिनमा बेलकाको आसपासमा रहेको टप्पु क्षेत्रमा सानोतिनो विवाद भए पनि अन्ततः सबै क्षेत्रको गणना कार्य सफलतापूर्वक सातौ दिनसम्म आइपुगेको जिल्ला जनगणना कार्यालय उदयपुरका प्रमुख महतोले जानकारी दिए ।

त्यस्तै चौदण्डीगढीको १ नं. वडा चौदण्डीमा एक जना गणकले गलत विवरण संकलन गरिरहेको छ भन्ने मौखिक उजुरी सुन्नमा आएको तर त्यसको पनि समाधान भइसकेको उनले बताए । एक जना गणकले दिनमा २०देखि २५ घरसम्मको विवरण संकलन गरिरहेको गणक राईले बताइन्। अहिले मुलुकभर ४० हजार गणक र ८ हजार ५ सय सुपरिवेक्षक खटिरहेका छन्।

## प्रहरीको ट्रक दुर्घटनामा १८ जना अस्पताल भर्ना



**सिम्रिक सम्वददाता**

**उदयपुर, ४ मंसिर**

जिल्ला प्रहरी कार्यालय गाईघाट आउँदै गरेको प्रहरीको बा १ गत २१६८ नम्बरको वान टन ट्रक उदयपुरगढी गाउँपालिका- ७ अँधेरी जोगीटोलमा दुर्घटना हुँदा २४ जना मध्ये १८ जना घाइतेको बिराटनगर नोवेल अस्पतालमा उपचार भईरहेको छ । नेपाली कांग्रेसको १४ औं महाधिवेशनको प्रदेश अधिवेशनबाट कटारीबाट गाईघाट आउँदै गरेको वान टन ट्रक मदन भण्डारी लोकमार्गको गाईघाट - नेपालटार खण्डमा दुर्घटना भएको थियो ।

घटना परी प्रहरी जवानहरु कृष्ण महत्तो, राकेश यादव र उदय थापा गम्भिर घाइते भएका थिए ।

यस्तै घाइते हुनेहरुमा प्रहरी सहायक निरीक्षक महा प्रसाद बन्जरा, प्रसनि गजेन्द्र लिङदम, प्रहरी हवल्दारहरु क्रमशः राज कु.तामाङ, प्रकाश बस्नेत, सोम ब.बस्नेत रहेका छन्। यस्तै प्रहरी जवानहरु क्रमशः सुसन कुलुङ, मनोहर साह, दिपेन सुनार, नारायण बि.क., रन्जित खड्क, सुरेश कु. सिंह, अनिल मण्डल, ज्योति नारायण अधिकारी, फिलिपोमान लिम्बु, साजन पुलामि, मिथिलेश यादव, देवराम मण्डल, अरुण तामाङ, पुरुषोत्तम चौधरी, अरुण कु.सरदार, महेश बि.क., तेज ब.मगर (चालक) घाइते भएका थिए ।

# कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कटारी,उदयपुर
## प्रदेश नं.१

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित : मिती २०७८/०८/०५

प्रस्तुत विषयमा कटारी नगरपालिकाको आ.ब.०७८/०७९ मा कटारी नगरपालिका अन्तर्गत कटारी अस्पतालमा कामकाज गर्ने गरी तपशिल बमोजिमको कर्मचारी सेवा करारमा पदपूर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले १५ दिन भित्रमा कटारी नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | विज्ञान नं. | पद | सेवा/समूह/श्रेणी | माग संख्या | परिक्षा दस्तुर | परीक्षा मिती | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ४/२०७८/०७९ | स्टाफ नर्स | स्वा./जनरल नर्सिङ/पाँचौ तह | १ | ८०० | लिखित परीक्षा : मिती २०७८/०८/२० गते बिहान ८बजे ,मौखिक परीक्षाको मिती लिखित परीक्षा पश्चात जानकारी गराइने छ । | |
| २ | ५/२०७८/०७९ | स्वीपर | श्रेणी वीहीन | १ | ३०० | मिति २०७८/०८/२० गते अन्तरबार्ताको मितिको सूचना प्रकाशित गरिने छ । | अस्पताल परिसर, अस्पतालको प्रशुती कक्ष, प्रयोगशालामा सरसफाई सम्बन्धि सम्पूर्ण कामकाज गर्न इच्छुक/सक्षमले मात्र आबेदन दिनुहुन |

१.आवश्यक योग्यता :
(क) विज्ञापन नं. ४/२०७८/०७९ का लागि मान्याता प्राप्त शिक्षण संस्थाबाट तीन वर्षे कोर्ष गरी नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।
(ख) विज्ञापन नं. ५/२०७८/०७९ का लागि सामान्य लेखपढ गर्न सक्ने भएको हुनुपर्ने ।
२.उमेर हद : पुरुष उम्मेदवारका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३.दरखास्त दिने स्थान : कटारी नगरपालिकाको कार्यालय कटारी,उदयपुर
४.दरखास्त दिने अन्तिम मिती : २०७८/०८/१९ गते कार्यालय समय भित्र ।
५.दरखास्त फारम पाइने स्थान : कटारी नगरपालिकाको कार्यालय राजस्व शाखा ।
६.छनौटको किसिम : विज्ञापन नं. ४/२०७८/०७९ का लागि लिखित तथा अन्तरवार्ता । विज्ञापन नं. ५/२०७८/०७९ का लागि अन्तरवार्ता ।
७. स्थानीय/SBA लाई प्राथमिकता दिइनेछ ।
८.आवेदन तथा संलग्न कागजातहरु :
(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(ख) शैक्षिक योग्यता, नर्सिङ काउन्सिल दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(ग)२ प्रति पासपोर्ट साइजको फोटो ।
९.सेवा सुविधा : कटारी नगरपालिकाको नियमानुसार ।

नोट : *विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८६१७९७६७८ /- ,९८४५६३४९५६।*

.................................
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner